# कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### लौकही सुनसरी
### १ नं. प्रदेश,नेपाल

कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही,सुनसरी
१ नं. प्रदेश नेपाल

मिति-२०७८/१०/१६ गते

आज मिति २०७८ साल माघ महिनाको १६ गते आइतबारका दिन कार्यालय समयमा जनताको काम अवरुद्ध गरी केही अराजक समूहबाट भएको घटना सम्बन्धमा कोशी गाउँपालीकाको गम्भीर ध्यानाकर्षण भएको छ । कोशी गाउँपालीका १ स्थित लौकहीमा गाउँपालीकाको कार्यालय अगाडी कार्यालयको को१झ ५३९ नम्बरको गाडीमा तोडफोड गरिएको र टायर बालेर,विभिन्न नाराबाजी गर्दै बिहान ११ बजेको समयदेखि साढे चार बजेसम्म जनमत पार्टी नेपाल लगायत पार्टीका नेताकार्यकर्ताबाट भएको घटनाको यस गाउँपालीकाको कार्यालय भत्सर्ना गर्दछ ।

संविधानमा उल्लेख गरिएअनुसार सूचनाको हक अन्तर्गत हरेक नेपाली नागरिकले स्थानीय तह वा अन्य स्थानमा भए/गरेका गतिविधिहरुका बारेमा जानकारी लिन पाउनु पर्दछ । यदि कहिंकतै अनियमितता वा भ्रष्टाचार भएको पाइएको अवस्थामा सम्बन्धित निकायमा प्रमाणसहित उजुरीका माध्यमबाट त्यस्ता व्यक्तिलाई कानुनी दायरा पुऱ्याउन भूमिका निर्वाह गर्नु आमनागरिकको समेत दायित्व हो । त्यसको विपरीत केहीदिनयता कोसी गाउँपालीकाको विभिन्न वडा कार्यालयदेखि यस गाउँपालीकाको कार्यालय अगाडि आएर जनताको काम अवरुद्ध गर्ने, जनप्रतिनिधिहरुसँग दुर्वव्हार गर्ने,गाडीमा तोडफोड गर्नेलगायत अन्य मानवीयसँगै भौतिक क्षति गर्न तत्पर जनमत पार्टी नेपाल लगायत पार्टीबाट परिचालित केही व्यक्तिका कारण कर्मचारीहरुसँगै जनप्रतिनिधिहरुले सहजरूपमा काम गर्ने वातावरण नभएको बारे सबैमा जानकारी गराउन चाहन्छौं ।

सधैं अनुशासित र पारदर्शी तवरबाट कोसी गाउँपालीकाको समग्र विकास निर्माणकार्यका साथै जनताका कामहरु गर्न कटिबद्ध भएर लाग्दै आएको अवस्थामा आइतबारको घटनाले हामीलाई असुरक्षाको आभास भएकाले सुरक्षित भएर भयरहित वातावरणमा जनताका काम गर्ने माहोल बनाईदिन जिल्ला प्रशासन कार्यालय,जिल्ला प्रहरी कार्यालय सुनसरीलगायत सँग जोडदार माग गर्दछौं । अन्त्यमा कोसी गाउँपालीकाका अध्यक्ष ऐयुब अन्सारीज्युसँग दुर्वव्हार गर्ने,उहाँ चढ्ने गाडीमा क्षति पुऱ्याउने,दिनभर जनताका काममा बाधा पुऱ्याउने व्यक्तिहरुलाई कानुन अनुसार कारबाही गर्न यस गाउँपालीका कार्यालय माग गर्दछ ।

खगेन्द्र गिरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत